

के तपाईंको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस् !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कन्सर्न
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५




❑ वर्ष २५ ❑ अङ्क २३७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ भदौ २२ गते शनिबार ❑ 7 Sept. 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-


## सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा पुऱ्याउने गरी काम गर्छौं: प्रधानमन्त्री

रासस
काठमाडौं, २१ भदौ

प्रधानमन्त्री केपी शर्मा ओलीले पुनःस्थापित शान्ति प्रक्रियालाई दिगो बनाउँदै द्वन्द्वकालीन घटनाको पुनरावृत्ति हुन नदिनेतर्फ वर्तमान सरकार स्पष्ट रहेको बताउनुभएको छ ।

सङ्क्रमणकालीन न्यायसँग सम्बन्धित विषयमा शुक्रबार नेपाल समाजवादी पार्टीका संयोजक एवं पूर्वप्रधानमन्त्री डा बाबुराम भट्टराई नेतृत्वको मण्डलको १९ बुँदे ध्यानाकर्षणपत्र बुझ्दै प्रधानमन्त्री ओलीले नेपाली जनतालाई जातीय आधारमा विभाजित गरेर र सामाजिकरुपमा घृणा/द्वेष फैलाएर राष्ट्रिय एकतालाई कमजोर पार्ने प्रयास सफल नहुने स्पष्ट गर्नुभएको हो । "जनताले आन्दोलनबाट राजतन्त्रको अन्त्य गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका छन् । यो व्यवस्थालाई सबल तुल्याएर जनताको विकास, समृद्धि र स्थायित्वको



चाहना पूरा गर्नुछ । त्यसकारण अहिले कुनै अराजकताले ठाउँ पाउने वा सत्ता समीकरणमा यताउता हुने सम्भावना छैन", उक्त भेटमा प्रधानमन्त्री ओलीले भन्नुभयो, "कतीमा म प्रधानमन्त्री र नेकपा (एमाले) को अध्यक्ष रहुन्जेल अहिले चर्चामा ल्याइए जस्तो नेपालमा बङ्गलादेश वा श्रीलङ्कामा भएका जस्ता घटना हुने स्थिति हुँदैनन् । मेरो अबको २२ महिने कार्यकालभित्र सङ्क्रणकालीन न्यायलाई टुङ्गोमा लाने गरी काम हुन्छ ।" प्रधानमन्त्री ओलीले आफू पहिलेदेखि नै इमान्दाररुपमा शान्तिप्रक्रियालाई अन्तिम निष्कर्षमा लाग्न लागि परेको र अहिले पनि थप पहल गरेर सत्य निरुपण तथा मेलमिलाप आयोग तथा बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोगसम्बन्धी विधेयक पारित गरेको बताउनुभयो । उहाँले पीडितलाई केन्द्रमा राखेर राजनीतिक सहमति गरिएको बताउनुभयो । आफू सशस्त्र द्वन्द्वकालमा सत्ता पक्ष वा विद्रोही पक्षमा नरहेकाले निष्पक्ष भएर सङ्क्रमणकालीन न्यायलाई टुङ्गोमा लैजाने अठोटमा रहेको स्पष्ट गर्दै प्रधानमन्त्री ओलीले यस प्रक्रियामा नेकपा (माओवादी केन्द्र)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को साथ आवश्यक भएको बताउनुभयो ।

संयोजक डा भट्टराईले दुई ठूला दलको सरकार बनेकाले सङ्क्रमणकालीन न्याय टुङ्गोमा पुऱ्याउने अवसर भएकाले यसमा आफूहरुको साथ रहने उल्लेख गर्नुभयो । सो अवसरमा उक्त पार्टीले ती विधेयक पारित भएकामा स्वागत गर्दै आगामी प्रक्रियामा बृहत् सहमतिका साथ सत्यको अन्वेशण गर्न आग्रह गरेको छ ।

सो पार्टीले आयोग गठन गर्दा राष्ट्रिय/अन्तर्राष्ट्रिय रुपमा स्वीकार्य व्यक्तिलाई छनोट गर्न, आयोगमा पीडितको प्रतिनिधि राख्न र परिपूरणका विधि र मापदण्डबारे स्पष्ट हुनुपर्ने लगायत माग राखेको थियो ।

## चाडपर्वको गरिमालाई सम्मानजनक बनाइ राख्न आवश्यक: प्रदेश प्रमुख भट्ट

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौ

गण्डकी प्रदेश प्रमुख डिल्लीराज भट्टले चाडपर्वको गरिमालाई सम्मानजनक बनाइ राख्नुपर्नेमा जोड दिनुभएको छ ।

हरितालिका तीजका अवसरमा शुक्रबार शुभकामना दिनुहुँदै उहाँले सरल र सदाचार जीवनशैली अपनाउनका लागि खर्चिलो तथा भड्किलोपन बन्देज गरी चाडपर्वको गरिमालाई सम्मानजनक बनाइ राख्नु आजको आवश्यकता रहेको उल्लेख गर्नुभयो ।

हरितालिका तीजको मौलिकतालाई कायम राख्दै यसको सांस्कृतिक महत्वको जगेर्ना गर्न आवश्यक रहेको प्रदेश प्रमुख भट्टको भनाइ छ । "परापूर्वकालदेखि अवलम्बन गरिएको रीतिरिवाज, रहनसहन र धार्मिक सहिष्णुताको प्रतिविम्बका रूपमा पनि तीज पर्वको विशिष्ट स्थान छ । यस्ता पर्वले नेपालीलाई एकताको सूत्रमा आवद्ध गर्दै धार्मिक सहिष्णुता तथा सद्कायम गर्नुका साथै एकापसमा खुसी साटासाट र मनोरञ्जन गर्ने अवसरसमेत प्रदान गर्दै आएका छन्", उहाँले भन्नुभयो । हरितालिका तीजले नेपाली महिलालाई समाजमा लैङ्गिक तथा जातीय विभेदलगायत सबै प्रकारका असमानताको अन्त्य गर्दै समतामूलक प्रगतिशील समाजको निर्माणतर्फ अग्रसर हुन उत्प्रेरित गर्न सकोस् भन्ने सन्देशमा शुभेच्छा व्यक्त गरिएको छ ।

## पोखराबाट असोजको पहिलो सातादेखि सुकिला नोट वितरण हुने

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौ



पर्यटकीय नगरी पोखरामा यस बर्षको वडा दशैं पर्व लक्षित हुने गरी आउँदो असोजको पहिलो साता देखि सुकिला नोट सटही हुने भएको छ ।

नेपालीहरुको महान पर्व दशैं पर्वको अवसरमा नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले आउँदो पहिलो साता देखि सुकिला नोट सटही गर्ने व्यवस्था मिलाउने भएको कार्यालयका निर्देशक विना ढकाल (पौडेल) ले बताउनु भयो ।

राष्ट्र बैंक केन्द्रको निर्देशन अनुसार यस बर्ष नयाँ नोट सटही नहुने भएकोले बजारमा एक पटक पुगेका चलन चल्तीमा प्रयोग गर्न मिल्ने भुत्रो नभएका नोटहरु सटहीको व्यवस्था गर्ने तयारी गरेको उहाँले जनाउनु भयो । आम सर्वसाधारणको लागि अघिल्ला बर्ष भै यस बर्ष पनि सानो नोट (५, १०, २०, ५० र १००) का एक/एक प्याकेट १८ हजार ५ सय बराबरको सटहीको व्यवस्था गरिएको उहाँले जनाउनु भयो । पोखरा क्षेत्रमा सेवाग्राहीको माग बमोजिम सुकिला नोटको प्रबन्ध गर्ने निर्देशक पौडेलले जनाउनु भयो । कार्यालयले यस बर्ष बैंक तथा वित्तिय संघ संस्थाहरुको लागि समेत सुकिला नोट उपलब्ध गराउने भएको हो ।

पोखरामा दशैं पर्वको अवसरमा करिब डेढ देखि २ अर्बको नयाँ नोट सटही हुदै आएको नेपाल राष्ट्र बैंक पोखरा कार्यालयले जनाएको छ । नयाँ नोटमा छपाई खर्च बढी हुने पछिल्लो समयमा डिजिटल कारोबार बढी भएकोले सुकिला नोट स्टक धेरै भएकोले गर्दा नेपाल राष्ट्र बैंकले यस बर्ष नयाँ नोट नछापेका कारण सटही समेत नगरेको हो ।

## कास्की कांग्रेस क्रियाशील सदस्यता वितरणको तयारीमा

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौ

नेपाली कांग्रेस कास्की, क्रियाशील सदस्यता वितरणको तयारीमा जुटेको छ ।

पार्टीको यही भदौ २४ गते बीपी जयन्तीका अवसरमा प्रशिक्षणसहित क्रियाशील सदस्यता वितरण गर्ने देशव्यापी कार्यक्रम अन्तर्गत कास्कीमा पनि यसको तयारीलाई तिव्र पारिएको हो । पार्टीले कास्कीका ७२ वटै वडामा प्रशिक्षण सहित क्रियाशील सदस्यताको प्रमाणपत्र वितरण गर्ने गरी प्रमाणपत्र र खटाइएका प्रतिनीधिले आफ्नो तयारी शुरु गरिसकेको नेपाली कांग्रेस कास्की श्रोतले जनाएको छ ।

जसका अर्न्तगत कार्यक्रमको तयारीस्वरुप पोखरा-२९ मा छलफल प्रारम्भीक चरणको छलफल गरिएको छ । सो वडामा प्रतिनिधीको जिम्मेवारी पाएका कास्की क्षेत्र नं १ का सचिव एवं प्रतिनीधि संयोजक सरोज केसी, शिवराज अधिकारी, रेशम गुरुङ, सुभास भण्डारी, सनबहादुर गुरुङ (कालु) र राजीव भण्डारीले आफ्नो तयारी शुरु गरेका छन् ।

उनीहरुले प्रारम्भिक चरणको तयारी स्वरुप छलफल गरेका हुन् । छलफलमा पार्टीका वडा सभापति दीपकमणी भण्डारी, कास्की कांग्रेसका उपसभापति रामबाबु भण्डारी, पार्टी सचिव पदम गुरुङ, कास्की क्षेत्र नं १ का सचिव सरोज केसी, नेताहरु विजयराज भण्डारी, शिवराज अधिकारी, मोती गिरी, सुदेब गुरुङ, रसिसहरी भण्डारी, किरण भण्डारी, पदमप्रसाद अधिकारी, राजेन्द्रप्रसाद अधिकारी, छलीमाया गुरुङ, बिन्दु भण्डारी, सशांकमणि भण्डारी, ईश्वरबहादुर हमाल, श्रीधर आचार्य, विशाल श्रेष्ठ, जमुना पौडेल, राजीब भण्डारी, सनबहादुर गुरुङ लगायतले आफ्ना सुभाव राखेका थिए ।

संयोजक केसीका अनुसार २४ गते प्रशिक्षण, सम्मान, क्रियाशील सदस्यता प्रमाणपत्र हस्तान्तरण, भातृसंस्थालाई पूर्णतालगायतका कार्यक्रम तय गरिएको छ । सो वडामा तीन सय ७१ जना कांग्रेसका क्रियाशील सदस्य छन् । नेपाली कांग्रेसको संगठन सुद्धिकरणका लागि वी.पी. जयन्तीको अवसरमा भदौ २४ गते विहान ११ बजे देश भर एकै दिन एकै समयमा सो कार्यक्रमको सञ्चालन गरिदै छ ।

## बागलुङ बाढीमा तीनको मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौ

यहाँको बान्द्रे खोलामा आएको बाढीले बगाएर बेपत्ता भएका बागलुङ नगरपालिका -४ बान्द्रे अढाइथरका २० वर्षीय कमल सापकोटाको शव फेला परेको छ । सापकोटाको शव फेला परेसँगै मृतकको संख्या तीन पुगेको छ ।

घटनास्थलभन्दा पाँच सय मिटर तल सापकोटाको शव फेला परेको जिल्ला प्रहरी कार्यालय बागलुङका प्रहरी नायब निरीक्षक प्रताप पौडेलले जानकारी दिनुभयो ।

बिहीबार राती १२ बजे आएको बाढीले सोही वडाको कुँडुलेदेखि मालिका जाँदै गरेको ध २ प ८०१० नम्बरको मोटरसाइकल र ध १ प ९९९६ नम्बरको स्कुटर बगाएको थियो । मोटरसाइकल र स्कुटर बगाउँदा मृत्यु भएका बान्द्रे अढाइथरका २३ वर्षीय अर्जुन सापकोटा र २२ वर्षीय अविशेक रेग्मीको शव रातिनै घटनास्थलदेखि दुई सय मिटर तलबाट उद्दार गरी धौलागिरि अस्पतालमा लगिएको प्रहरी निरीक्षक प्रताप पौडेलले जानकारी दिनुभयो ।

आज बिहान फेला परेका सापकोटाको शव पनि पोस्टमार्टमका लागि धौलागिरि अस्पताल ल्याइएको उहाँले जानकारी दिनुभयो ।


पोखरा उद्योग वाणिज्य संघ
गैह्रापाटन, पोखरा

अत्यान्तै जरुरी सूचना !

पोखरा उद्योग वाणिज्य संघको **३५ औं महाधिवेशन**को सन्दर्भमा निर्वाचन समितिद्धारा मिति २०८१ भाद्र ०२ गते प्रकाशित कार्यक्रम तालिका अनुसार **निम्न मिति, समय र स्थान**मा आयोजना हुने उम्मेदवार परिचय कार्यक्रममा उपस्थितिका लागि सम्पूर्ण सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गरिन्छ ।

**कार्यक्रम**
**मिति : २०८१ भाद्र २२ गते, शनिबार ।**
**समय : बिहान ११: ०० बजे ।**
**स्थान : पोखरा उद्योग वाणिज्य संघको सभाहल**
**पोखरा-८ गैह्रापाटन ।**

**प्रार्थी**
**कृष्णमोहन श्रेष्ठ**
**निर्वाचन समिति संयोजक**






पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# लामाचौर कप भलिबल : महिलातर्फको उपाधि एपिएफलाई, पुरुषको फाइनल शनिबार

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं



तीज अवसरमा नवआदर्श सामुदायिक विकास समाजको आयोजनामा भएको २६ औं संस्करणको लामाचौर तीज महोत्सव भव्यरुपमा सम्पन्न भएको छ।

संस्थाको २८ औं वार्षिक समारोहबीच लामाचौरको इन्द्रराज्यलक्ष्मी मावि प्रांगणमा तीन दिनसम्म भएको महोत्सवको अन्तिम दिन शुक्रबार हजारौं दर्शकको भीड लागेको थियो। महिलाहरुको महान् पर्व हरितालिका तीज पनि भएको शुक्रबार गाउँगाउँबाट मानिसहरु महोत्सवस्थलमा ओइरिएको आयोजकले जनाएको छ।

राष्ट्रिय कलाकार सम्झना भण्डारी, दुर्गेश थापा र एलिना रायमाझीले विभिन्न प्रस्तुतिमा स्टेज तताए। दुर्गेश थापाले 'हामी पनि नाँच्नुपर्छ बीच्चबीच्चमा' गाउँदा होस् वा सम्झना 'बत्ती बाल्नै पर्दैन यो गाउँमा' गाउँदा दर्शक छमछमी नाचेर साथ दिए।

२० टिमले भाग लिएको अन्तरमहिला समूहगत खुला तीज गीत प्रतियोगितामा सक्षम अभियान नेपाल प्रथम भयो। लामाचौरको शिवालय तमु समाज दोस्रो, महिला स्वास्थ्य स्वयंसेविका समाज तेस्रो र महिला समाज कल्याण आमा समूह सान्त्वना भए। प्रथमलाई ५० हजार, दोस्रोलाई ३० हजार, तेस्रोलाई २० हजार र सान्त्वनालाई १० हजार प्रदान गरिएको संस्थाका पूर्व अध्यक्ष बुद्धिबहादुर खत्री क्षत्रीले जानकारी दिए। अन्तरविद्यालयस्तरीय लोकनृत्य प्रतियोगितामा मेरिगोल्ड बोर्डिङ स्कुल प्रथम भएको छ। प्रगति इङ्लिस बोर्डिङ दोस्रो तथा सरस्वती विद्याश्रम तेस्रो भयो। रिभरडेलबोर्डिङ,बेसलाइनएकेडेमी र अल्फा इङ्लिस बोर्डिङ स्कुल सान्त्वना भए। गुरुकुल विद्यासदनले उत्कृष्ट भेषभूषाको पुरस्कार जितेको छ। लोकनृत्यमा प्रथम, दोस्रो, तेस्रो र सान्त्वनाले क्रमशः ४०, २५, १५ र ५ हजार पाए।

उत्कृष्ट भेषभूषा प्रस्तुत गर्ने गुरुकुलले ५ हजार जितेको प्रचार संयोजक दिनेश भण्डारीले बताए। महोत्सवमा राखिएका औद्योगिक तथा व्यापार प्रदर्शनीका स्टलमा पनि किनमेलको उस्तै भीड थियो। आयोजकले तीजसँग सम्बन्धित विभिन्न गतिविधि गर्ने भएकोले दर्शकको आकर्षण बढेको आयोजकको दाबी छ।

आयोजकले ख्यातिप्राप्त राष्ट्रिय कलाकार सम्झना भण्डारी, अस्मिता डल्लाकोटी, दुर्गेश थापा, दीपक खड्का, वसन्त विश्वकर्मा, सरस्वती लामिछाने, प्रकाश पराजुलीलगायतलाई उतारेको हो। यस्तै, शिक्षा, युवा उद्यमशीलता विकास र खेलकुद क्षेत्रमा योगदान दिनेलाई सम्मानित भए। सम्मानित हुनेमा सामुदायिक विद्यालयको विकासमा अतुलनीय योगदान दिएकोमा मिलन केसी (शिक्षातर्फ), कञ्चन क्यापिटलका संचालक विमल गुमाजू (युवा उद्यमशीलतातर्फ) र महिला राष्ट्रिय भलिबल टिम कप्तान अरुणा शाही (खेलकुदतर्फ) छन्। उनीहरुलाई गण्डकी प्रदेशका सामाजिक विकास, युवा तथा खेलकुद मन्त्री बिन्दुकुमार थापालगायतले सम्मानित गरे।

समापन समारोहमा स्वागत प्रथम उपाध्यक्ष एवं प्रचार संयोजक दिनेश भण्डारीले गरे। संचालन सचिव हरिबहादुर थापा र सहसचिव शोभा बानियाँले गरे। अध्यक्षको आसनबाट संस्थाका अध्यक्ष स्वागतसिंह भण्डारीले संस्कृतिको जगेर्ना एवं खेलकुदको विकास गर्ने उद्देश्यले महोत्सवलाई निरन्तरता दिइएको बताए। महोत्सवको मुख्य आकर्षण राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगिता थियो। महिलातर्फ न्यू डायमण्डलाई ३-१ सेटमा हराउँदै एफिएफले उपाधि जितेको छ। पुरुषतर्फ विभागीय एपिएफल र नेपाल पुलिसबीचको खेल लाइट प्रोटेस्टका कारण स्थगित भयो। शनिबार बिहान ११ बजे उक्त खेल हुनेछ। महिलातर्फ विजेताले १ लाख ५० हजार, उपविजेतालाई १ लाख, तेस्रोलाई ५० हजार नगद पुरस्कार साथमा शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरे। एपिएफकी जस्ना महतो बेस्ट सेटर, कविता भट्ट सर्भर, यमुना बराइली डिफेन्डर बने। डायमण्डकी सुमित्रा रेग्मी ब्लकर र सलिना बुढामगर स्पाइकर घोषित भए। एपिएफकी पुजा चौधरीले मस्ट भ्यालुयबल प्लेयरको उपाधि चुमिन्।

# ऐतिहासिक बाटुलेचौर तीज मेला सम्पन्न

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं



पोखराको बाटुलेचौरमा आयोजितऐतिहासिकबाटुलेचौर तीज मेला सम्पन्न भएको छ।

चार दिनसम्म संचालित मेलाको अन्तिम दिन शुक्रबार समुहगत तिज गीत प्रस्तुति रहेको थियो। वडा नं १६ भित्रका २२ टोलीले तीज गीत प्रस्तुतिमा सहभागिता जनाएको प्रचार प्रसार उपसमितिका संयोजक संजय थापाले जानकारी दिए। सहभागी टोलीलाई नगद जनही दश हजार र प्रमाणपत्र प्रदान गरिएको छ। उनीहरूलाई समापन कार्यक्रममा प्रमुख अतिथि कोशी प्रदेशका पुर्व प्रदेश प्रमुख सोमनाथ अधिकारी प्यासी, वडाध्यक्ष अमृत शर्मा तिमिल्सिना, संयोजक रामकुमारी बानियाँले नगद र प्रमाणपत्र प्रदान गर्नुभयो।

त्यस्तै कार्यक्रममा प्रचार प्रसारमा सहयोग गरेका सेतोपाना डट कमका कार्यकारी सम्पादक शिशिर पौडेल, रेडियो अकलाका विराज शर्मा, सराङ्गकोट साप्ताहिकका सम्पादक यदुनाथ वञ्जरा, प्रमुख खवर डटकमका संजय थापा, समय नेपालका सन्देश बराल, पत्रकार रामप्रसाद पौडेल, परिवर्तन न्युजका प्रकास अधिकारी, सोनी पिक्चर्सका नवराज थापा प्रचार प्रसार उपसमितिका सदस्य अनिल नेपालीलाई मायाको चिनो सहित सम्मान गरिएको थियो।

कार्यक्रममा मुख्य प्रायोजक, सह प्रायोजक, सहयोगी संघ संस्थालाई पनि सम्मान गरिएको सहसंयोजक मन्जु बस्यालले जानकारी दिनुभयो। समापन कार्यक्रममा बोल्दै प्रमुख अतिथि प्यासीले तीज पर्वले महिला अधिकार र स्वतन्त्रताको पक्षमा आवाज उठाउने गरेको बताउनुभयो। उहाँले यस्तो सांस्कृतिक पर्वलाई भड्किलो पर्व हुनबाट जोगाउन सवै पक्ष लाग्नु पर्नेमा जोड दिनुभयो। वडाध्यक्ष अमृत शर्मा तिमिल्सिनाले वडाको संरक्षकत्वमा संचालित मेला सबैको समवन्यमा सफल रहेको बताउदै, आगामी वर्षका लागि योजना सहित अगाडी बढ्नुपर्ने बताउनुभयो।

मेला व्यवस्थापन मुल समितिका संयोजक राजकुमारी बानियाँको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत आयोजक बडहरवोट आमा समुहकी अध्यक्ष कमला शर्मा तिमिल्सिना र संचालन मुल समितिका सदस्य भीम वहादुर गायक र सुनिता देवकोटाले गरेका थिए।

कार्यक्रममा लोकदोहोरी गायिका पुजा तामाङ, रिता तिमिल्सिनाले आफ्ना चर्चित तिजे भाकामा सहभागि महिलालाई नचाएका थिए। नृत्याङ्गना एन्जिला थापाको नृत्यले दर्शकमा उत्साह थपेको थियो। मेला हेर्न पोखराका विभिन्न भागबाट दर्शकहरु बाटुलेचौर मैदान पुगेका थिए।

# सामाजिक सञ्जालको पहुँचले नागरिकको मौलिक अधिकार सुदृढ तुल्याउँछ : सञ्चारमन्त्री गुरुङ

**रासस**
काठमाडौं, २१ भदौं



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले सामाजिक सञ्जालको विकास, विस्तार र बढ्दो पहुँचले स्वतन्त्र रूपमा विचार अभिव्यक्त गर्ने तथा सूसुचित हुने नागरिकको मौलिक अधिकारलाई सुदृढ तुल्याउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने बताउनुभएको छ।

बिहीबारदेखि औपचारिक रुपमा टिकटकमाथिको प्रतिबन्ध हटाइएको सन्दर्भमा प्रेस नोट जारी गर्दै सरकारका प्रवक्ता समेत रहनुभएका मन्त्री गुरुङले टिकटकलगायतका सामाजिक सञ्जाल विचार अभिव्यक्त, सार्वजनिक बहस, साना तथा मझौला उद्यम तथा व्यवसाय प्रवर्द्धन र मनोरञ्जनका लागि समेत महत्त्वपूर्ण मञ्च भएको उल्लेख गर्नुभएको छ। "अभिव्यक्ति स्वतन्त्रता लोकतान्त्रिक समाजको आधारशिला हो, लोकतन्त्रको प्राण वायु हो, यी 'डिजिटल प्लेटफर्म' पछिल्ला दिनमा लोकतान्त्रिक अभ्यासको उत्तम माध्यम पनि बनिरहेका छन्", उहाँले भन्नुभएको छ। उहाँले कुनै पनि सामाजिक सञ्जालमाथिको प्रतिबन्धले आम नागरिकको अभिव्यक्तिको स्वतन्त्रतासम्बन्धी अभ्यासमा खलल पुग्न जाने उल्लेख गर्नुभयो। टिकटकमाथि प्रतिबन्ध लगाएर नागरिकको अभिव्यक्ति स्वतन्त्रतामा अङ्कुश लगाउने र विचार बन्धक बनाउने पक्षमा सरकार नरहेको स्पष्ट पार्दै मन्त्री गुरुङले सरकार सधैं संवैधानिक अधिकारलाई सुनिश्चित गर्न लागिपर्ने स्पष्ट पार्नुभयो।

"हामी कुनै पनि किसिमले नागरिकको अभिव्यक्ति स्वतन्त्रताको हकलाई सङ्कुचित गर्ने गतिविधिको विरोधमा छौँ, टिकटकमाथिको प्रतिबन्धले साना तथा मझौला उद्यम तथा व्यवसाय प्रवर्द्धनमा असर परेको थियो, व्यवसायी मारमा परेका थिए, इन्टरनेट प्रदायक कम्पनीको आम्दानीमा गुमेको र सरकारको राजस्वमा पनि असर परेको थियो", मन्त्री गुरुङका स्वकीय सचिव बिक्रम न्यौपानेद्वारा प्रेस नोटमा उल्लेख छ। लामो समयदेखि नेपाल सरकारको सम्पर्कमा रहेको टिकटकको सञ्चालक कम्पनीले नेपाली समाजको मर्यादा तथा सुरक्षा चासोलाई सम्बोधन गर्ने र सोहीअनुसार टिकटकलाई सुधार गर्ने प्रतिबद्धता व्यक्त गरेपछि सरकारले टिकटक खुला गर्ने निर्णय गरेको जनाइएको छ।

यसैगरी मन्त्रालयले टिकटकका सञ्चालकले देशव्यापी साइबर सुरक्षामा प्रतिबद्धता जनाउनुका साथै नेपालको पर्यटन, डिजिटल साक्षरता, युवालाई रोजगारी प्रवर्द्धन गर्ने तथा नेपाली राष्ट्र भाषाको स्रोत परिचालन गरी विषयवस्तु 'फिल्टरिङ' र 'मोडरेसन'लाई प्रभावकारी बनाउने प्रतिबद्धता जनाएको प्रेस नोटमा उल्लेख छ।

# पोखरा १३ वडा कार्यालयको घुम्ती सेवा

**पोखरापत्र संवाददाता**
पोखरा, २१ भदौं



पोखरा महानगरपालिका वडा नं. १३ ले घुम्ती सेवा प्रवाह गरेको छ।

अशक्त जेष्ठ नागरिक तथा फरक क्षमता भएका सामाजिक सुरक्षा भत्ता लाभग्राही नागरिकलाई घरमै पुगेर सेवा दिइएको वडाध्यक्ष किरण बरालले जानकारी गराए।

घरमै वडाको सेवा पाउँदा नागरिक पनि खुशी छन्। सामाजिक सुरक्षा भत्ताकै लागि वडा धाउनुपर्ने समस्याबाट उनीहरुलाई मुक्ति मिलेको छ। वडा सचिव, वडा सदस्य लगायतका कर्मचारीहरु स्थानीयकै घरमा गएर सेवा दिएका छन्।

पोखरा १३ को गतिविधिले त्यस ठाउँको स्थानीयलाई सरकार घरमा नै आएको आभाष भएको छ। संघीयताको मर्मअनुसार सेवा प्रवाह गर्न पाउँदा वडाध्यक्ष बराल पनि खुशी छन्। नागरिकलाई सरल र सहज सेवामा उनको दैनिकी बित्न थालेको छ। भौतिक विकास सँगै शिक्षा, स्वास्थ्य र रोजगारको क्षेत्रमा समेत काम गर्दै आएको वडाले नागरिकमैत्री वातावरण बनाउँदै समस्याको समाधान गर्ने काम गर्दै आएको छ।

"हामी नागरिकको सेवामा तल्लिन छौं। नागरिकलाई कसरी हुन्छ ? सरल र सहज रुपमा सेवा प्रवाह गर्ने सोच हाम्रो हो। आशा छ हामीले सुरु गरेको घुम्ती सेवा प्रभावकारी बन्नेछ।", वडाध्यक्ष बरालले भने। वडाले घुम्ती सेवालाई निरन्तरता दिने प्रतिबद्धता समेत उनको छ।

नमुना वडाको रुपमा रहेको वडा १३ ले सामाजिक, सांस्कृतिक, धार्मिक पक्षलाई पनि सुदृढ बनाउँदै लगेको छ।

# टिकटकमाथिको प्रतिबन्ध हट्यो

**रासस**
काठमाडौं, २१ भदौं

सरकारले सामाजिक सञ्जाल टिकटकको प्रयोग/पहुँचमा लगाएको प्रतिबन्ध हटाएको छ।

नेपाल दूरसञ्चार प्राधिकरणले आज सूचना जारी गरी सबै इन्टरनेट र मोबाइल सेवा प्रदायकलाई उक्त प्रतिबन्ध हटाउन निर्देशन दिइएको जनाएको छ।


प्राधिकरणको निर्देशनसँगै प्रयोगकर्ताका मोबाइलमा टिकटक सञ्चालन हुन थालेका छन्। सरकारले यही भदौ ६ गते सामाजिक सञ्जालका रुपमा प्रयोग भइरहेको टिकटकको प्रयोगमा लगाइएको रोक हटाउने निर्णय गरेको थियो।

सरकारले सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा थप नकारात्मक असर नपुगोस् भन्ने हेतुले थप व्यवस्थित र मर्यादित तुल्याउने गत कात्तिक २७ गतेदेखि नेपालभित्र टिकटकको प्रयोगमा रोक लगाएको थियो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

**सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६



## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने।
» मुख बाङ्गो भएको।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको।

सम्पर्कः
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

# दसैँका लागि चलनचल्तीकै सफा र सुकिलो नोट साट्न पाइने

पोखरापत्र संवाददाता
पोखरा, २१ भदौ

नेपाल राष्ट्र बैंकले यसपटकको दसैंमा सर्वसाधारणका लागि हाल प्रयोग गरिरहेकै चलनचल्तीका योग्य नोट सटही दिने भएको छ। राष्ट्र बैंकले विगतका वर्षहरूमा नयाँ नोटको सटही दिने गरेको थियो । यसपटक भने प्रयोगमा आइसकेका सुकिलो वा सफा नोट साट्न पाइने नेपाल राष्ट्र बैंकका सहायक प्रवक्ता डा डिल्लीराम पोखरेलले राससलाई जानकारी दिनुभयो।

"नोट सटहीका लागि विगत वर्षहरूमा हामीले जसरी दिइरहेका छौँ, त्यसमा केही परिवर्तन भएको छैन । तर यस वर्ष नयाँ नोट नभई सफा र सुकिलो नोट सटही गर्ने निर्णय भएको छ", पोखरेलले भन्नुभयो, "सुकिलो बैंक नोट कहाँ, कैले, कसरी, कति सटही पाइन्छ ? जस्ता विषयमा राष्ट्र बैंकले चाँडै सूचना सार्वजनिक गर्नेछ ।" सफा र सुकिलो नोटको मौज्दात रहुञ्जेलसम्म नयाँ नोटको सटही नदिने निर्णय राष्ट्र बैंक व्यवस्थापनले गरेको हो। सटही दिएका नोटको अधिक माग हुने र सटही व्यवस्थापनसमेत झण्झटिलो हुने गरेको थियो।

दसैँको मुखमा सटही गरिएका नोट उक्त चाडबाड सकिएपछि बैंक तथा वित्तीय संस्थामा फिर्ता आउने र तत्पश्चात ती नोटको माग ज्यादै न्यून हुने भएकाले ढुकुटीमा लामो समय थन्क्याएरै राख्नुपर्ने अवस्था रहने नेपाल राष्ट्र बैंक मुद्रा व्यवस्थापन विभागका निर्देशक वासुदेव भट्टराई बताउनुहुन्छ । "विगतका दसैँमा सटही गरिएका नोटको दुईदेखि झण्डै तीन गुणासम्म सुकिला नोट राष्ट्र बैंक र बैंक तथा वित्तीय संस्थाका ढुकुटीमा छन्। ती नोट ढुकुटीमा राखिराख्दा गल्ने, सड्ने, बिग्रने तथा कुहिने अवस्था सृजना हुनुभन्दा तिनै नोटको सटही व्यवस्था गर्नु उपयुक्त हो", उहाँले भन्नुभयो।

नेपाली नोटको कागज ' कटन बेस्ड' हुने र लामो समय प्रयोगविहीन भई ढुकुटीमा भण्डारण हुँदा ती नोटमा चिसो, ओस तथा अपर्याप्त हावा र



प्रकाशका कारण ढुसी आउने गर्दछ । यस्तो हुँदा नोटको आयुसमेत घट्दै जाने भई पुनःप्रयोग गर्न अयोग्य हुन सक्दछ। साथै, बजारमा कारोबारका लागि नगद नोट जति धेरैको हातहातमा पुगेर बैंकमा फिर्ता आयो त्यति नै नोटको प्रभावकारी उपयोग भएको मानिन्छ । यसकारण नोटको छपाइ, भण्डारण, ओसारपसार र धुल्याउनेजस्ता बैंक नोट व्यवस्थापनका आधारभूत कार्यहरूलाई मितव्ययी एवं प्रभावकारी बनाउनसमेत सुकिलो नोटको उपयोग बढाउनु आवश्यक रहेको निर्देशक भट्टराईले बताउनुभयो। चाडबाडका समयमा मुख्यतयाः रु ५, १०, २०, ५० र १०० दरका नोटहरूको माग अत्यधिक हुने गरेको छ । साना दरका यस्ता नोटको होल्डिङ लागतसमेत न्यून हुने हुँदा सर्वसाधारण तथा व्यावसायिक क्षेत्रले आवश्यकताभन्दा बढी नोट सटही गरी क्रमशः कारोबारको आवश्यकता पूरा गर्ने तथा घरमै राख्ने प्रचलन रहेको पाइन्छ । रु पाँच सय र एक हजार दरका नोटको हकमा भने बजारमा वृद्धि हुने चाडबाडलक्षित कारोबार अनुरुप माग हुने गरेको छ।

देशभर नोटको आपूर्ति गर्ने र पुराना तथा मैला नोटहरूलाई खिचेर प्रतिस्थापन गर्दै जाने कार्य नेपाल राष्ट्र बैंकअन्तर्गतको मुद्रा व्यवस्थापन विभागबाट हुँदै आएको छ। मुलुकभर सफा नोट प्रचलनमा ल्याउने उद्देश्यले राष्ट्र बैंकले आर्थिक वर्ष २०६७/६८ को मौद्रिक नीतिमार्फत 'सफा नोट नीति' ल्याएको थियो । आर्थिक कारोबारको सिलसिलामा बजारमा सफा नोटमात्र प्रयोग गर्ने र कारोबारको क्रममा पुराना मैला नोट खिचेर जलान गर्ने नीतिगत व्यवस्था नै सफा नोट नीति हो। बैंक नोट छपाइको काम अन्तर ष्ट्रिय टेन्डर प्रक्रियाबाट विदेशमा हुने गरेको छ । नोट छपाइमा विदेशी मुद्राको ठूलो राशि खर्च हुने भएकाले त्यसमा कमी ल्याउन पनि नोट सफा राखिराख्नु आवश्यक छ।

चलनचल्तीमा गुणस्तरीय, विश्वस्त र सफा नोटमात्र चलनचल्तीमा ल्याउने तथा मक्किएका, च्यातिएका, गलेका पुराना तथा मैलो नोटहरू प्रशोधन तथा जलानमार्फत चलनचल्तीबाट हटाउँदै लैजाने काम राष्ट्र बैंकले गर्दै आएको छ। बैंक तथा वित्तीय संस्थामा रहेका नोटलाई गुणस्तर हेरी वर्गीकरण गरेर राख्नुपर्ने व्यवस्था रहेको र यसलाई कार्यान्वयन गरे/नगरेकोबारे राष्ट्र बैंकले अनुगमनसमेत गर्ने गरेको सहायक प्रवक्ता पोखरेलले बताउनुभयो। उहाँका अनुसार बैंक तथा वित्तीय संस्थाले आफ्नो संस्थामा प्राप्त हुन आएका नोटलाई एटिएमलगायतका मेसिनहरूको माध्यमबाट चलनचल्तीमा पठाउन योग्य, काउन्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउनयोग्य र चलनचल्तीमा पठाउन अयोग्य गरी नोटलाई तीन वर्गमा छुट्याउनुपर्ने व्यवस्था छ । बैंक नोटको अवस्थाअनुसार त्यसलाई छुट्याएको/नछुट्याएको विषयमा राष्ट्र बैंकले अनुगमन गर्ने गरेको सहप्रवक्ता पोखरेल बताउनुहुन्छ। एटिएमलायतमेसिनकोमाध्यमबाट चलनचल्तीमा पठाउन योग्य नोटको प्याकेटमा हरियो रङको, काउन्टरबाट भुक्तानी गरी चलनचल्तीमा पठाउनयोग्य नोटको प्याकेटमा सेतो रङ र चलनचल्तीमा पठाउन अयोग्य नोटको प्याकेटमा रातो रङको स्लिप प्रयोग गर्नुपर्ने व्यवस्था छ।

भुत्रिएको, मक्किएको, जलेको, गलेको, लुलो भएको, कीराले खाएको, पानीले भिजेको, छपाइ बिग्रेको, नोटमा रहेका अक्षर अङ्क, चित्र तथा सुरक्षण विशेषताहरू नबुझिने वा बिग्रिने गरी रङ लागेको, लेखिएको, कोरिएको, मेटिएको, च्यातिएको वा पूर्वराजाको तस्बिरअङ्कित नोटलाई पुनः निष्काशन अयोग्य नोटका रूपमा वर्गीकरण गरी नेपाल राष्ट्र बैंकले नष्ट गर्ने गरेको छ।

टीका लगाई दक्षिणा दिँदा, पूजाआजा गर्दा वा अन्य कुनै धार्मिक वा सांस्कृतिक कार्य गर्दा रङ लागेको वा मैलिएका हातहरूले नोट छुँदा त्यस्ता नोट चलनचल्तीमा आउँदैनन् । नोट राष्ट्रको सम्पत्तिसमेत भएकाले यसमा रङरू लगाउने, लेख्ने वा केरमेट गर्ने, नोटको आकार बिगार्नेजस्ता कार्य गरी नेपाली नोटको दुरुपयोग गर्ने/गराउनेउपर कारबाही गर्न सकिने व्यवस्था रहेको छ । मुलुकी अपराध संहिता, २०७४ मा परिच्छेद २२ मा मुद्रासम्बन्धी कसुरसम्बन्धी व्यवस्था गरिएको छ । दफा २६३ मा बैंक नोट वा सिक्का जलाउन, गाल्न, च्यात्न वा बैंक नोटमा लेख्न नहुने व्यवस्था रहेको छ । यदि त्यस्तो कसुर गरे वा गराएमा गर्ने र गराउने व्यक्तिलाई तीन महिनासम्म कैद र रु पाँच हजारसम्म जरिवाना हुने व्यवस्था रहेको छ । त्यस्तै, अपराध संहिताको दफा २६४ मा भुत्रो बैंक नोट दुरुपयोग गर्न नहुनेसम्बन्धी व्यवस्था रहेको छ।

नोटको सुरक्षा गर्न नोटलाई सकभर वालेट वा पर्समा नपट्याइकन राख्ने, कुनै पनि प्रकारको रङ नलगाउने गर्नुपर्दछ। नोटमा जथाभावी लेख्नु हुँदैन । त्यस्तै, नोटमा केरमेट गर्ने, च्याप्ले, स्टिच गर्ने, टाँस गर्नेजस्ता नोटको क्षति हुने तथा आयु घट्ने कार्य गर्नु हुँदैन । यसमा आवश्यकतानुसार रबर, प्लास्टिक, पेपर बैण्ड प्रयोग गर्न सकिन्छ।

# कमजोर शिक्षण विधि र खस्कोदो शिक्षाको गुणस्तर

बाबुराम पौडेल



साँघुरो अर्थमा शिक्षण विधि विद्यार्थीहरुलाई ज्ञानगुनका कुरा सिकाउने माध्यमय हो । तर फराकिलो अर्थमा यो विद्यार्थीहरुलाई हरेक विषयवस्तु सिकाउने, सकरात्मक सोचको विकास गर्ने र जीवनका विभिन्न पक्षहरुमा व्यवहारीक बनाउने एक प्रक्रिया हो। जसले गर्दा व्यक्तिले बोल्ने कला, आफ्नो जिम्मेवारी बोध गर्ने, आफ्नो पहिचान थाहा पाउने र जीवनको महत्व बारेमा सहज रुपले बुझ्ने अवसर पाउँछ।

शिक्षा मानिसको तेस्रो आँखा भनिन्छ । शिक्षण विधिको प्रक्रियाद्वारा शिक्षा प्रदान गरेमा ब्यक्ति समाज र राष्ट्र आदि सभ्य बन्दछा तर हाम्रो देश नेपालमा शैक्षिक प्रणाली फितलो भएकै कारण शिक्षा केवल प्रमाण प्रत्र लिनका लागि मात्र भएको छायस्तो कहिलेसम्म रहन्छ? यँहाको शिक्षाको गुणस्तरमा ह्रास आउनुमा नेपाल सरकार स्वयम ,सरकारी विद्यालय, निजि विद्यालय र अभिभावक सरासर दोषि ठहरिन्छन ।

नेपाल सरकारको मातहतमा रहेको शिक्षा मन्त्रालयले साक्षरता दर बढाए वापत दातृराष्ट्रहरुले आर्थिक रुपमा सहयोग गर्ने गर्छन। त्यो रकम विधालयमा आवश्यक करा पुऱ्याउन ,विद्यार्थीलाई छात्रवृत्ति दिन, शिक्षकलाई तालिम दिने आदि उद्देश्यका लागि पठाएको हुन्छा तर विडम्बनाको करा के हो भने त्यो रकम सहि समयमा सहि ठाउँमा नपुग्दै बिलाउँछा नेपाल सरकार द्वारा प्रदान गरिएको शिक्षा प्रणाली मानिसमा साच्चैनै व्यवहारमा परिवर्तन आएको देखिदैना विस २०८१ साल र यस अघिका वर्षमा तिज पर्व मनाउँदा महिला दिदिबहिनीहरुले गरेका हर्कदरुले यथार्थ चित्र कोर्दछा जस्ले गर्दा यँहाको संस्कृति तथा संस्कारमा खतराको संकेत दिन्छा शिक्षा भनेको कागजको खोस्टो लिनका लागि होइन व्यवहारमा पनि परिवर्तन ल्याउने खालको हुनुपर्छ । तीजका गीतमा भएको शब्दहरु र भिडियो देखाइएका दृश्यहरुले पश्चिमी संस्कृतिको बढुवा दिएको संकेत गर्दछ ।यस्तो बढ्दै गएमा हाम्रो पहिचान कहिले सम्म भन्ने प्रश्न अवश्य उठ्छ । नेपालको शिक्षामा राजनिति मिसाइएको छ । सरकारी विद्यालयको कुरा गर्नुपर्दा स्थायी शिक्षक सर्वेसर्वा हुन्छन । उसले अस्थायी र निजि शिक्षकलाई हरेक तवरले दमन गर्न खोज्छ । त्यहि भित्रनै राजनिति हुन्छा शिक्षक आफू दमन हुँदा कसरी आफ्नो क्षेमता प्रदर्सन गर्न सक्छ? यस्तो भएपछि शिक्षकले आफ्नो क्षमता हरेक शिक्षण विधिबाट प्रस्तुत गर्न सक्दैना फलस्वरूप शिक्षाको गुणस्तमा ह्रास आउँछ। यसको परिणाम प्रत्यक्ष प्रत्येक वर्षको एस.ई.ई को नतिजाले देखाइरहेको छा यस्तो अवस्था एक दुई वटा बिधालय वाहेक सबैमा रहेको पाइन्छ ।

जस्तो देश उस्तै भेष भनेर होला निजि विद्यालयमा पनि शिक्षाको गुणस्तरमा कमजोर नै रहेको छा यहाँ पनि धेरथोर राजनीति मिसिएको छा शिक्षकले विद्यार्थीलाई हतियार बनाएर अर्को शिक्षकलाई कमजोर बनाउन खोज्ने र अपमान गर्ने, पुरानो शिक्षक हुँ भनी आडम्बरी देखाउने ,कक्षाकोठामा पुरा ४५ मिनेट आराम गर्ने र प्रशासनमा चाप्लुसि गरी ठिक हुन खोज्ने आदि कुरा देशभरका निजी विद्यालयमा भएका घटनाहरु हुन। यसले गर्दा दक्ष शिक्षकले अपनाउने शिक्षण विधिमा असर परी शिक्षाको गुणस्तरक न्यून भएको छा यसरी शिक्षकको नभएको कमजोरी लाई बारम्बार देखाउन खोज्दा र पारिश्रमीकमा हेरफेर नगर्दा के शिक्षकलाई उत्प्रेरणा मिल्ला र !

नेपालको सरकारी र निजी विद्यालयमा अपनाइएको शिक्षण विधिमा माथि उल्लेखित यथार्थपरक घटनाहरुले प्रत्यक्ष असर पारिरहेको छ । विद्यार्थीलाई अध्यायन गराउँदा परम्परागत शैलीको प्रयोग गदो सिकाई अर्थहिन हुन्छा कस्तो सम्म पाइएको छ भने नेपाली र अङ्ग्रेजी बिषय भित्र भएका कठिन शब्द उच्चारण गर्न नजान्दै विद्यार्थीलाई अभ्यास गर्न लगाइएको पाइएको छ।

यसरी कक्षाकार्य जे हुन्छ तेहि तरीकाले गृहकार्य गर्न लगाइन्छायस्तो थितिले विद्यार्थीको कसरी प्रगति होला?यसैगरी ठूला कक्षामा गएर पनि विद्यार्थीलाई शब्द शब्द एक एक गरी पढाउने गरेको पाइएको छा विद्यार्थीलाई उत्प्रेरणा जगाइ सिके अवसर प्रदान गरीनुपर्छा विद्यार्थीले भन्दा शिक्षकले बढी मिहिनेत गर्दा शिक्षक जान्ने हुनेभयो। त्यो सिकाई विद्यार्थीको तर्फबाट हेर्दा अर्थहीन हुन्छ। निजि विधालयमा विद्यार्थीहरुको गुणस्तरमा सुधार ल्याउनका लागि निश्चित विधालयहरुको संगठन रहेको हुन्छा यो राम्रो कुरा हो । यस भित्र विभिन्न पक्षहरुले असर पारिरहेको देखिन्छ । यहाँ के देख्न सकिन्छ भने संगठन भित्रका विद्यालयहरुलाई छुट्टाछुट्टै प्रश्नपत्र निर्माण गर्न दिइन्छ । त्यसपछि शिक्षकले शिक्षकलाई प्रश्नपत्र लुकाइछिपाइ दिने काम हुन्छ । त्यहि अनुसार पुनरावृति गराएपछि परिणाम राम्रो आउने भयोायसो गर्दा अभिभावक तथा प्रशासन दुबै खुसी हुनेभए । तर विद्यालय प्रशासनलाई थाहा नहुने गरी यसो गर्ने गरेको पाइन्छ । यसो गर्दा बच्चाको शिक्षाको गुणस्तर कहा पुग्यो? विद्यार्थी माथिल्लो कक्षा आइपुग्दा आफ्नो नाम लेख्न नजान्नु, तल उर्तिण हुदै आएको माथि आएपछि अनुर्तिण हुने यही कारण होइन र ? शिक्षण बिधिको ज्ञान नभएपछि समय बिताउन जागीरमा प्रवेश गर्दा विद्यार्थी भविस्यमा भाडाकुट्टी खेलेजस्तो हुनेभयो ।

विद्यार्थी शिक्षकहरुप्रति सकरात्मक सोच लिई आएमा उसले सहजै ज्ञान हासिल गर्छातर कतिपय आधुनिक अभिभावक आफ्नो बच्चाको अगाडी शिक्षकको नकारात्मक कुरा गर्दछन। अभिभावकले बच्चाको मानसपटलनै खल्बलाइदिन्छन। त्यसपछी बिधालय आएपछि शिक्षक सँग मुखमुख लाउन सुरुगर्छी शिक्षक आफुले जानेका कुरा विभिन्न माध्यमबाट सिकाउन पाउदैन। आफ्नो बच्चाको लागि केहि समय छुट्याउन सक्नुपर्छ । शिक्षकले विद्यार्थीको बिधालय फोन गर्छातर उठ्दैन ।यस्तो छ यहाँको अवस्था । तर वच्चाको कुरा सुनेर कतिपय अभिभावक शिक्षकलाई अपमानजनकशैलिमा प्रस्तुत गर्न भने छोड्दैनन । यसो भएमा त्यो काचो माटोको आकृति भविष्यमा कस्तो बन्ला ? यसमा अभिभावक पनि बढी जिम्मेवारी बन्नुपर्छ । अन्तमा शिक्षा क्षेत्रमा आमुल परिवर्तन वा गुणस्तर उकास्न शिक्षा मन्त्रालयले शिक्षासँग संबन्धित निकायहरुलाई सक्रिय बनाउनुपर्छ।

शिक्षकलाई समय समय तालिमको व्यवस्था गर्नुपर्छा समय अनुकुलको शिक्षणबिधि शिक्षकले अपनाएमा देशको शिक्षाले एउटा गति लिन्छ । यसो भएमा देशमा दक्ष जनशक्ति उत्पादन भइ देश ले काचुली फेर्थ्योायसरी सरकारी तथा निजिविधालयमा भएका नराम्रा कुरालाई हटाई दक्ष शिक्षकलाई विभिन्न शिक्षणबिधि अप्नाउने वातावरण मिलाउनु पर्छ ।

# जापानिज इन्सेफ्लाइटिस सङ्क्रमणको जोखिम उच्च

रासस
काठमाडौं, २१ भदौ

स्वास्थ्य सेवा विभागले जापानिज इन्सेफ्लाइटिस सङ्क्रमणको जोखिम उच्च रहेकाले सतर्कता अपनाउन आग्रह गरेको छ । विभागअन्तर्गतको परिवार कल्याण महाशाखा, बालस्वास्थ्य तथा खोप शाखाका प्रमुख डा अभियान गौतमले यही भदौ १५ गतेदेखि असोज १५ गतेसम्म जापानिज इन्सेफ्लाइटिस रोग सङ्क्रमणको जोखिम उच्च रहेको बताउनुभयो ।

उहाँका अनुसार सामान्यता साउनदेखि कात्तिकसम्म जापानिज इन्सेफ्लाइटिसको सङ्क्रमण हुन्छ। "यो 'क्युलेक्स' प्रजातिको लामखुट्टेले पानी जम्ने ठाउँमा फूल पार्ने समय भएकाले सङ्क्रमणको उच्च जोखिम छ", उहाँले भन्नुभयो, "लामखुट्टेले सुगुर र हाँसलाई टोकेर आफूमा यो रोग सार्दछन र सङ्क्रमित लामखुट्टेले मानिसलाई टोकेपछिरोगलाग्छ।" जापानिज इन्सेफ्लाइटिस मानिसबाट मानिसमा भने सर्दैन । डा गौतमका अनुसार सन् २०२४ को जनवरीदेखि हालसम्म राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा परीक्षण गरिएका ६८० मध्ये ४२ जनामा यो रोगको सङ्क्रमण पुष्टि भएको छ । उहाँका कैलाली, चितवन, सर्लाही र सुनसरी जिल्लामा रोग सङ्क्रमणबाट छ जनाको मृत्यु भइसकेको छ। सामान्यतयाः लामखुट्टेले टोकेको छदेखि १६ दिनमा रोगका लक्षण देखापर्छन् । सरकारले सन् २०१६ बाट १२ महिना उमेर पुगेका बालबालिकालाई जापानिज इन्सेफ्लाइटिसविरुद्धको खोप दिँदै आएको छ। सन् १९९९ देखि २००६ सम्म केही उच्च जोखिम भएका जिल्लामा खोप दिने गरे पनि पछिल्लो समय सबै बालबालिकालाई उक्त खोप दिन सुरु गरिएको हो। शाखा प्रमुख डा गौतमले १२ महिनामा खोप लगाउन छुटेका बालबालिकालाई पाँच वर्षसम्म खोप दिइने बताउनुभयो । जापानिज इन्सेफ्लाटिस धेरै जसो १५ वर्ष उमेर समूहभन्दा मुनिका बालबालिकामा हुने गर्छन् ।

बेस्सरी टाउको दुख्ने, उच्च ज्वरो आउने, पक्षघात हुने, घाँटी कडा हुने, कम्पन हुने जस्ता यस रोगका लक्षण हुन्। वभागले यसबाट बच्न झुल टाँगेर मात्रै सुत्न, हाँस, कुखुरा, सुगुर जस्ता जनावरलाई घरदेखि टाढा राख्न, घर बाहिर निस्कदा वा खेतबारीमा काम गर्दा हात पूरै छोपिने गरी कपडा लगाउन, घरको झ्याल, ढोकामा जाली राख्न, घर वरिपरिका पानी जम्न खाल्डाखुल्डी पुर्नेलगायतका काम गर्न आग्रह गरेको छ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : अप्रत्यसित लाभ | तुला | : शत्रुको भय |
| वृष | : सत्कार मिल्नेछ | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : आर्थिक समस्या | धनु | : कार्यमा सफलता |
| कर्कट | : शारीरिक झमेला | मकर | : शुभ यात्रा |
| सिंह | : मानसिक तनाब | कुम्भ | : स्वास्थ्यमा सुधार |
| कन्या | : ब्यापारमा लाभ | मीन | : सहयोग मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# 'सांस्कृतिक महत्त्वको जगेर्नामा मद्दत पुग्नेगरी तिज मनाउनुपर्छ'

पोखरापत्र संवाददाता
गण्डकी, २१ भदौ

गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले तिजको सांस्कृतिक महत्वको जगेर्नामा मद्दत पुग्नेगरी पर्व मनाउनुपर्नेमा जोड दिनुभएको छ।

नेपाली महिलाहरूको महान् पर्व हरितालिका तिजका अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले पछिल्लो समय चाडपर्वका नाममा देखिने गरेको भड्किलोपन र खर्चिलोपनलाई हटाउँदै धार्मिक, सांस्कृतिक महत्वमा केन्द्रित हुनुपर्ने आवश्यकता औँल्याउनुभयो।

"समाजलाई भावनात्मक एकताको सूत्रमा बाँध्ने, धार्मिक सहिष्णुता तथा सामाजिक सद्भाव कायम राख्ने, सामाजिक, धार्मिक परम्परालाई दिगो बनाउने गरी तिज मनाउन प्रदेश सरकारको तर्फबाट अपिल गर्दछु", उहाँको सन्देशमा भनिएको छ।

हरितालिका तिज एक सनातन सांस्कृतिक पर्वका रुपमा नेपाली महिलाले मनाउँदै आउनुभएको भन्दै मुख्यमन्त्री पाण्डेले "यस पर्वमा महिलाले भगवान् शिव-पार्वतीको पूजा आराधना गर्दै परिवारको सुख, स्वास्थ्य र दीर्घायुको कामनासहित उपवास बस्नाले मनोकामना पूरा हुने धार्मिक विश्वास रहिआएको छ", भन्नुभएको छ।

हरितालिका तिजले समाजमा विद्यमान विभेद र सबै प्रकारका असमानताको अन्त्य गर्दै समतामूलक समाजको निर्माणमा सबैलाई प्रेरित गर्न सकोस् भन्ने मुख्यमन्त्रीले कामना गर्नुभएको छ।

# तनहुँमा विद्युत् उपयोग गर्ने ग्राहक बढे

**पोखरापत्र संवाददाता**
दमौली, २१ भदौं

तनहुँ जिल्लामा विद्युत् उपयोग गर्ने ग्राहक बढेका छन् । नेपाल विद्युत् प्राधिकरण तनहुँ वितरण केन्द्र मातहत ५१ हजार सात सय १७ ग्राहक पुगेका छन् । आर्थिक वर्ष २०८०/८१ मा एक हजार तीन सय ४५ ग्राहक सङ्ख्या वृद्धि भएको वितरण केन्द्रले जनाएको छ ।

गार्हस्थ्यतर्फ एक हजार दुई सय २५, गैरव्यापारिकतर्फ २१, औद्योगिकतर्फ दुई, सिँचाइतर्फ ४०, खानेपानीतर्फ १८, चार्जिङ स्टेशनतर्फ दुई, सडक बत्तीतर्फ २४, मन्दिरतर्फ आठ र अन्यतर्फ १२ ग्राहक वृद्धि भएको वितरण केन्द्र प्रमुख विजय रेग्मीले जानकारी दिनुभयो । उहाँका अनुसार गार्हस्थ्यतर्फ ४९ हजार ३०, गैरव्यापारिकतर्फ पाँच सय ४६, व्यापारिकतर्फ तीन सय ४०, औद्योगिकतर्फ सात सय ७६, सिँचाइतर्फ तीन सय ५६, खानेपानीतर्फ एक सय ८८, चार्जिङ स्टेशनतर्फ दुई, सडक बत्ती एक सय ६९, मन्दिरतर्फ दुई सय तीन, अन्य एक सय सात ग्राहक पुगेका छन् ।

वितरण केन्द्रले सो अवधिमा पाँच करोड ४० लाख ५९ हजार दुई सय १२ युनिट बिक्री गरेको छ । यो अघिल्लो आर्थिक वर्ष २०७९/८० को तुलनामा ५ दशमलव ९३ प्रतिशतले बढी हो । यसक्रममा पाँच करोड १० लाख ३२ हजार चार सय ८९ युनिट विद्युत बिक्री भएको थियो ।

कार्यालयले आव २०८०/८१ मा रु ५३ करोड ९४ लाख ३१ हजार छ सय १३ को विद्युत् बिक्री गरेको छ । आव २०७९/८० मा रु ४८ करोड ७७ लाख ३८ हजार सात सय ७६ को विद्युत् बिक्री भएको थियो । केन्द्रले त्यस वर्ष ७ दशमलव ९२ प्रतिशत विद्युत् चुहावट नियन्त्रणको लक्ष्य राखेकामा १२ दशमलव ७९ प्रतिशत विद्युत् चुहावट नियन्त्रण भएको रेग्मीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "विद्युत् चुहावट नियन्त्रणलाई प्राथमिकतामा राखेका छौं । हुकिङ, मिटर वाइस छैन । वायरलस, लिकेज, रुख हाङ्गा, भोल्टेज ड्रप, ट्रान्सफर्मर लस नियन्त्रणमा आएको छ ।" विद्युत् चुहावट नियन्त्रणका लागि केन्द्रले नचलेका मिटर निःशुल्क परिवर्तन, नाङ्गो तार हटाइ केबल विस्तार, कन्डक्टर साइज स्तरोन्नति, ट्रान्सफर्मर लोड सेन्टर थपलगायतका कार्य गरेको उहाँको भनाइ छ ।

वितरण केन्द्र तनहुँको कार्यक्षेत्र तनहुँसहित कास्की र लमजुङ जिल्लासमेत पर्दछ । केन्द्रले व्यास नगरपालिकाका सबै वडाहरु, बन्दीपुर र आँबुखैरेनी गाउँपालिकाका सबै वडाहरु, भानु नगरपालिका-९, १०, ११ बाहेक सबै वडा, देवघाट गाउँपालिका-१, २, ३, ४ र ५ वडा, ऋषिङ गाउँपालिकाका सबै वडा, म्याग्दे गाउँपालिकाका सबै वडा, लमजुङको मध्यनेपाल नगरपालिकाका-१, २, ३, ४, ५ र कास्कीको रुपा गाउँपालिका ३ र ४ हो । कार्यालयले मुख्य कार्यालयसहित १३ उपवितरण तथा सेवा केन्द्रबाट सेवा प्रवाह गरिरहेको छ । केन्द्रका अनुसार तनहुँ वितरण केन्द्र चापाघाट कार्यालय तथा काउन्टर, डुम्रे उपवितरण केन्द्र, आँबु उपवितरण केन्द्र, दुईपिप्ले पिप्ले नोलाइट, थर्पु नोलाइट, बन्दीपुर, ऋषिङ, केशवटार, नारेश्वरटार, पुर्कोट, वसन्तपुर, सेपाबगैंचा, चन्द्रावती, पोखरीछाप नोलाइट तथा फिउज सेवा केन्द्रबाट सेवा प्रवाह गरिरहेको छ ।

# मौलिकता गुम्दै जाँदा रमाइलोमा सीमित हुँदै तीजपर्व

**ध्रुवसागर शर्मा**
म्याग्दी, २१ भदौं/रासस

नेपाली हिन्दू नारीहरूको महान पर्व हरितालिका तीजमा आएको आधुनिकतासँगै मौलिकता ओझेलमा पर्दै गएको छ । तीज आउनु धेरै दिन अघिदेखि सहरबजारमा दैनिकजसो आयोजना गरिने तीज मिलन कार्यक्रम औपचारिकतामा सीमित हुने गरेका छन् ।

पछिल्ला वर्षमा तीजपर्वमा भित्रिएको आधुनिकता र खर्चिलो प्रवृत्तिले यसको धार्मिक मूल्य, मान्यता र सांस्कृतिक परम्परा ओझेलमा पर्दै गएको मालिका गाउँपालिका-६ दरबाङस्थित महिला बचत तथा ऋण सहकारी संस्थाकी प्रबन्धक शलिना किसानले बताउनुभयो ।

"सहरबजारमा हुने तीज प्रतियोगितामा मौलिकताभन्दा आधुनिकता र होडबाजी देखिन्छ, सूचना प्रविधिको बढ्दो विकासले टिभी हेर्ने, रेडियोमा गीत सन्ने, मोबाइलको प्रयोगले यूट्युवमा गीत घन्काउने प्रवृत्तिले बजारमा गीत गाउन र नाच्न जान्नेहरु भेटिँदैनन्", किसानले भन्नुभयो । अहिले तीजलाई परम्परा संरक्षणभन्दा पनि नारी अधिकार र स्वतन्त्रताका रुपमा लिइने गरिएको उहाँको बुझाइ छ ।

पर्व मनाउने क्रममा समयअनुसार परिवर्तन हुँदै जानु स्वभाविक प्रक्रिया भएको भन्दै किसानले परिवर्तनका नाममा हाडबाजी गर्ने, संस्कृति लोप हुने क्रियाकलापमा जोड दिने, अधिकार र स्वतन्त्रताका नाममा समाजमा गलत सन्देश दिने किसिमका क्रियाकलाप गर्न नहुने भन्दै तीजको मौलिकपन नासिँदै गएकामा चिन्ता व्यक्त गर्नुभयो । "आधुनिकतासँगै तीज पर्वको परम्परागत मौलिकता हराउँदै गएको छ । पछिल्ला वर्ष बजारमा दर्जनौं एल्बम सार्वजनिक भएपनि तीजको मर्म बोकेका भाका पाउन मुस्किल छ", उहाँले भन्नुभयो । तीजको मौलिकता झल्किने संस्कृति हराएकामा अघिल्लो पुस्ताका जेष्ठ महिलाहरु चिन्तित छन् । म्याग्दीमा अहिले दिनहुँजसो तीजको अवसरमा औपचारिक कार्यक्रम र प्रतियोगिता भइरहेका छन् । यस्ता प्रतियोगितामा आधुनिकताको प्रयोगले मौलिक र परम्परा ओझेलमा पर्दै गएको लोक गायिका धनकुमारी थापाले बताउनुभयो । अहिले विभिन्न सङ्घसंस्था र महिला दिदीबहिनीले होटलमा आयोजना गर्ने दर कार्यक्रमले तीज आधुनिक र औपचारिकतामा सीमित हुँदै गएको उहाँको भनाइ छ ।

महिला नेतृ अमृतदेवी बानियाँले अहिलेका तीज गीत सामाजिक मर्यादा र अनुशासनको सीमा नाघेर रचिएको बताउनुभयो । "पहिला तीजको दर एक दिन मात्र खाने चलन थियो, अहिले महिना दिनदेखि होटलमा दर खान भ्याइनभ्याई छ", उहाँले भन्नुभयो, "तीजको संस्कृतिसँगै मादल बज्ने ठाउँमा यूट्युवमा आधुनिक गीत लगाएर नाच्ने चलन बढ्यो ।"

आधुनिकताको बढ्दो आकर्षण र सूचना प्रविधिको पहुँचले तीजका परम्परागत मान्यताहरु भत्किँदै जान थालेका छन् । माइतबाट चेलीलाई लिन जाने, दरमा दूध र फलफूलका विभिन्न परिकार खुवाउने, विवाहित महिलाले घरमा भोगेका सुखदुःखका कुरा गीतमार्फत व्यक्त गर्ने परम्परा हराउँदै जान थालेको बानियाँले बताउनुभयो । तीजमा चेलीबेटी लिन जाने चलन हरायो बेनी नगरपालिका-२ बगरफाँटकी ६९ वर्षिया गोमादेवी उपाध्यायले भदौरे भेल र वर्षाका कारण उर्लेका खहरे खोलालाई छिचोल्दै तीजमा छोरीचेली लिन जाने चलन हराएको बताउनुभयो । "अहिले सबैको हातहातमा मोबाइल फोन, घरघरमा इन्टरनेट छ । गाउँगाउँमा सडक पुगेपछि छोरीचेलीलाई माइतमा आउजाउ गर्न कुनै समस्या छैन", उपाध्यायले भन्नुभयो, "हाम्रो पालामा यस्ता सुविधा थिएनन् । ससाना छोराछोरी पिठ्युमा बोक्दै, लिन आएको दाजु वा भाइको पछिपछि हिडेर साँझपख माइतीको आँगनीमा पाइला टेक्दा मिल्ने खुसी अहिले वर्ण गर्न सकिदैन ।" हलि तीजमा गाइने गीत र त्यसको लय पनि फेरिँदै जान थालेका उहाँले बताउनुभयो ।

तीज आयो जाउन बाबु दिदी
लिनलाई ।
खुट्टैमा ढौंग गरे है भेट्दा
भेनालाई ॥
हुन्छ आमा दिदी लिन जान्छु
जान त ।
कोसेली पो के लानी हो पर्छ
लान त ॥

"पहिला तीजका गीतमा छोरीचेलीका पीडा मात्रै होइन शिष्टाचारका कुरा पनि व्यक्त गरिन्थे । आदरसम्मान, अनुशासन, मर्यादा र कोशेलीपातका कुरा गीतमार्फत अभिव्यक्त हुन्थे । अहिलेका गीत मनोरञ्जन केन्द्रित छन्, केही अपवाद बाहेक घरपरिवारका सदस्यहरु एकै ठाउँमा बसेर सुन्न र हेर्न नसकिने छन्", उपाध्यायले भन्नुभयो ।

हिजोआज ती पर्वमा दर स्वरुप खाने परिकारहरु पनि फेरिएका जेष्ठ महिलाहरुको भनाइ छ । "पहिला केरा, निमारोको पातमा घरको मझेरी, आँगनीमा सबै जम्मा भएर दूध र फलफूलका परिकार बनाएर दर खाने परम्परा थियो । हिजोआज एक महिना अघिदेखि होटल तथा पार्टी प्यालेसमा माछा, मासुलगायत परिकार खाने प्रचलन बढेको छ", मालिका गाउँपालिका-६ की ६४ वर्षिया राधिका सुवेदीले भन्नुभयो । तीजमा भड्किला गीत बजाउँदै नाच्ने प्रचलन बढेको भन्दै यसले सांस्कृतिक र आध्यात्मिक पक्ष र सामाजिक सद्भाव नासिँदै गएका उहाँले बताउनुभयो ।

तीजको आध्यात्मिक पक्ष

धार्मिक कथनअनुसार हिमालयपुत्री पार्वतीले महादेव स्वामी पाऊँ भनी व्रत बसेकी र उनको व्रत पूर्ण भएर महादेव पति पाएको दिनलाई हिन्दू नारीहरुले हरितालिका तीजका रुपमा मनाउँदै आएका हुन् । पार्वतीले महादेवलाई श्रीमान्का रुपमा पाउन तपस्या गरेपछि तपस्या पूरा भएको दिनलाई पर्वका रुपमा मनाइएको विभिन्न शास्त्रमा उल्लेख छ । "तीज हरेक वर्ष भाद्र शुक्ल तृतीयाका दिन मनाइन्छ । अघिल्लो रात अर्थात् द्वितीयाका दिन दर खाइन्छ । तीजका दिन व्रत बसिन्छ । चौथीका दिन स्नान गरी व्रतको पारण गरेर खाना खाइन्छ भने तीजको तेस्रो दिन अर्थात् ऋषिपञ्चमीका दिन व्रतालु महिलाले तीन सय ६५ वटा दतिवनले दाँत माझेर माटो लेपन गरी स्नान गर्छन् । पञ्चमीका दिन अरुन्धतीसहित कश्यप, अत्रि, भारद्वाज, विश्वामित्र, गौतम, जमदग्नि तथा वशिष्ठ ऋषिको पूजा गरी हलोले नजोतेको अन्नको भात र एक सुइरे भएर उम्रने कर्कलोको तरकारी वा एकदलीय अन्न मात्र खाइन्छ", मालिका-६ की सुवेदीले भन्नुभयो । तीजका गीतमा नारी वेदनालाई लयात्मक तरिकाले अभिव्यक्त गर्ने चलन विस्तारै हराउँदै गएको सुवेदीको भनाइ छ । घरपरिवारभित्रका दुःख, समाजको अत्याचार, कुरीति र विसङ्गतिविरुद्ध सङ्गितबद्ध गरिएका आवाजमा आउने गीतले समाजमा सकारात्मक सन्देश दिने भन्दै चर्चित बन्नेभन्दा पनि संस्कृति संरक्षण गर्ने गीतको प्रवर्द्धन सबैले गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

# डढेलोको असर: देखिन छाडे जङ्गलमा जनावर

**पोखरापत्र संवाददाता**
म्याग्दी, २१ भदौं

वन फडानी रोकिएपछि घना बन्दै गएका म्याग्दीका सामुदायिक वन र खोरियामा गत फागुनदेखि जेठसम्म लागेको डढेलोका कारण जङ्गली जनावर देखिन छाडेका छन् ।

डढेलोका कारण जङ्गल उजाडिएपछि चराचुरुङ्गीको कोलाहल र चिरबिर सुनिन छाडेको स्थानीयले बताएका छन् । डढेलोका कारण वन नष्ट भएपछि वनमा पस्ने बित्तिक्कै सुनिने चराचुरुङ्गीको चिरबिर सुनिन छाडेको मालिका गाउँपालिका-१ निस्कोटका राम पुनले बताउनुभयो । "रङ्गीविरङ्गी चरा र वन्यजन्तुको चहलपहल हुन छाड्दा वनको रौनक घटेको छ, पहिला जङ्गलमा देखिने जनावर अहिले गाउँका खेतबारी र सडक छेउमा देखिन थालेका छन्", उहाँले भन्नुभयो । जङ्गलमा डढेलो लागेयता चराचुरुङ्गी र वन्यजन्तुको चहलपहल देखिन छाडेको मालिका गाउँपालिका-६ उपल्लो दुखुका यमन पुनले बताउनुभयो । "डढेलो लागेपछि वन क्षेत्र वर्षापछि पनि कालो देखिएको छ । जङ्गलमा कुनै चहलपहल छैन । जङ्गली जनावर गाउँ पसेर दुःख दिन थालेका छन्", पुनले भन्नुभयो ।

जङ्गलमा डाँफे, कालिज, चिबे, तित्रा, कटुके चरा, लामपुच्छ्रेलगायत पक्षी देखिन छाडेका बेनी नगरपालिका-३ भकिम्लीका तेजबहादुर घर्तीले बताउनुभयो । घर्तीले भन्नुभयो, "अचेल यी चरा देखिँदैनन् ।" वनमा बाक्लै भेटिने खरायो, दुम्सी, फ्याउरो र स्याल पनि हराएको उहाँले बताउनुभयो ।

समुदायको जिम्मामा रहेका सामुदायिक वनमा काठ, दाउरा, घाँस र स्याउला फडानी रोकिएपछि म्याग्दीका सामुदायिक वन हराभरा भएका थिए । वन क्षेत्र हराभरा र घना बन्दै गएपछि जङ्गली जनावर वृद्धि भएको थियो । डढेलोले जङ्गल सखाप पारेपछि गाउँमा झन् बढी जङ्गली जनावर पसेर दुःख दिन थालेका मालिका गाउँपालिका-१ निस्कोटका टकबहादुर विक बताउनुहुन्छ । डिभिजन वन कार्यालय म्याग्दीका अनुसार गण्डकी प्रदेशका ११ जिल्लामध्ये गएको हिउँदमा डढेलोले सबैभन्दा बढी नोक्सान म्याग्दीमा पुऱ्याएको छ । डढेलोले म्याग्दीको करिब दुई हजार हेक्टर वन क्षेत्र ध्वस्त बनाएको छ । जिल्लाका मालिका, मङ्गला र बेनी नगरपालिकाका वनमा डढेलो लागेको थियो । आफ्नो बासस्थान वरपर डढेलो बढ्दै गएपछि चराचुरुङ्गी र वन्यजन्तु कतिपय डढेलाको चपेटामा परी मरेका तथा अन्तै गएको हुनसक्ने मालिका गाउँपालिका-६ का वडाध्यक्ष पथबहादुर रोका बताउनुहुन्छ ।

डढेलोले वनका महत्त्वपूर्ण जडीबुटी सखाप भएका छन् । चराचुरुङ्गी, जीवजन्तु हराउनुका साथै बहुमूल्य जडीबुटी तथा काठ खरानी भएको छ । डिभिजन वन कार्यालयको अभिलेखअनुसार म्याग्दीको दुई लाख २९ हजार सात सय छ हेक्टर क्षेत्रफलमध्ये ३६ दशमलव ७६ प्रतिशत वन, एक दशमलव ८५ प्रतिशत झाडी, २१ दशमलव २७ प्रतिशत क्षेत्र चरन क्षेत्रले ओगटेको छ ।

ढोरपाटन सिकार आरक्षले एक हजार दुई सय ६० हेक्टर, अन्नपूर्ण संरक्षण क्षेत्र (एक्याप)ले तीन हजार सात सय ५३ हेक्टर वनक्षेत्र ओगटेको छ । डिभिजन कार्यालय मातहतका ७९ हजार चार सय ३९ हेक्टर वनमध्ये २४ हजार दुई सय दुई हेक्टर तीन सय १० वटा सामुदायिक वन उपभोक्ता समूहमार्फत व्यवस्थापन हुँदै आएको छ । करिब पाँच हेक्टर कबुलियत, धार्मिक र निजी वन छ । बाँकी सबै राष्ट्रिय वन हो ।

# घाइते अवस्थामा देखिएको चितुवा मृत फेला

**पोखरापत्र संवाददाता**
गोरखा, २१ भदौं

गोरखा नगरपालिका-१० स्थित बिरिन्चोक नजिकैको खोल्सीमा घाइते अवस्थामा देखिएको चितुवा मृत फेलापरेको छ । बजार क्षेत्र नजिकै खोल्सीको झाडीमा घाइते अवस्थामा भेटिएको चितुवाको उद्धारमा ढिलाइ हुँदा मृतावस्थामा फेलापरेको हो ।

मृत भेटिएको चितुवा वयस्क अवस्थाको पोथी चितुवा रहेको डिभिजन वन कार्यालय गोरखाका प्रमुख मदनमोहन शालिण्यले जानकारी दिनुभयो । "स्थानीयवासीले चितुवा भेटिएको जानकारी गराएपछि डिभिजन वन कार्यालय गोरखाबाट कर्मचारी परिचालन गरी बुधबार दिनभरि उद्धारको प्रयास गरिएको भए पनि सकिएको थिएन", उहाँले भन्नुभयो, "बिहीबार उद्धारका लागि सोही स्थानमा पुगेर खोजी गर्दा बिरिन्चोक बजार नजिकै पानी ट्याङ्कीमा चितुवा मृतावस्थामा फेला पऱ्यो ।" चितुवाको शरीरमा कुनै चोटपटक नदेखिएको उहाँको भनाइ छ । "शरीरमा घाउचोट केही छैन", उहाँले भन्नुभयो, "चितुवालाई कसैले विष खुवाएको वा आफैं अस्वस्थ भएर मरेको हुनसक्छ ।" वन डिभिजन कार्यालय गोरखासँग चितुवा उद्धारका लागि डार्ट गर्ने जनशक्ति नहुँदा उद्धारमा ढिलाइ भएको प्रमुख शालिण्यको भनाइ छ । भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रमा मृत चितुवाको परीक्षण गरी डिभिजन वन कार्यालय परिसरमा गाडिएको उहाँले जानकारी दिनुभयो ।

# तिज पर्व: महिला स्वतन्त्रता र सशक्तीकरणको आवाज

**कालिका खड्का**
काठमाडौं, २१ भदौं/रासस

हिन्दू नारीको महान् पर्व हरितालिका तिजलाई परम्परागत रूपमा महिलाको दुःख, पीडा साट्ने दिनका रूपमा सीमित बनाए पनि पछिल्लो समयमा आएर महिला स्वतन्त्रता, समानता र सशक्तीकरणका रूपमा हेरिँदै आएको छ ।

पितृसत्तात्मक समाजमा महिलाका दबाइएका आवाज, एउटा चेलीले घरमा भोग्नुपरेको दुःख, पीडाबाट छुटकारा लिएर माइतीघरमा आमा, दिदीबहिनी, साथीभाइसँग भेटघाट गरी गीतमार्फत आफ्ना वेदना पोख्ने तिजलाई महिला सशक्तीकरणको रूपमा हेर्न थालिएको हो ।

नेपाल बार एशोसिएसनका पूर्वउपाध्यक्ष रक्षा बस्याललाई महिला स्वतन्त्रताका दिनका रूपमा आवाज उठाउँदै आएको पर्वलाई आपसी प्रेस र सद्भावका रूपमा मनाउनुपर्छ भन्ने लाग्छ । "आफ्नो स्वास्थ्यलाई ख्याल गर्नुपर्छ, श्रीमान्का लागि व्रत बस्नेभन्दा पनि यो पर्वले परिवारमा आपसी सद्भाव कायम गर्छ", उहाँले भन्नुभयो, "व्रत बस्नु स्वास्थ्यका लागि राम्रो हो, बस्नैपर्छ भन्ने पनि छैन, पारिवारिक भेटघाट, रमाइलो मोहल तयार हुन्छ, त्यो राम्रो हो ।", उहाँलाई तिज महिलाले मात्रै मनाउनुपर्छ भन्दा पनि राष्ट्रिय पर्वका रूपमा मनाउनुपर्ने भन्ने लाग्छ । अखिल नेपाल महिला सङ्घका अध्यक्ष टुकाभद्र हमालको बुझाइमा महिलाको स्वतन्त्रताका दिनका रूपमा हिन्दू महिलाले मनाउँदै आएको राष्ट्रिय पर्व तिज हो । "पहिला अहिलेजस्तो सडक सुविधा थिएन, टाढा विवाह गरेर पठाउने चलन थियो, एक दिन तिजमा बोलाएर खुवाउनुपर्छ भन्ने थियौ", उहाँले भन्नुभयो, "घरमा भोगेका पीडा माइतीघरमा आएर सासू, देउर, जेठानी, नन्द, आमाजुले दिएको दुःख गीतमार्फत गाउँथे, अहिले महिला सशक्तीकरणको राम्रो दिन बनेको छ ।"

यो पर्व मनाउँदै गर्दा महिला सचेत भएर निरंकुशताविरुद्ध, समाजमा भएका महिलामाथि हुने हिंसाविरुद्ध, सामाजिक रुपान्तरण र चेतनाका गीत गाउन थालेको उहाँको अनुभव छ । "समाज परिर्वतशील छ, महिलाका साझा सवालका विषयमा तिजलाई मनाउनुपर्छ, महिला एकजुट हुनुपर्छ", नेतृ हमालले भन्नुभयो, "महिलाले प्राप्त अधिकारलाई संस्थागत गर्दै थप उपलब्धि हासिल गर्ने विषयमा गीत गाउनुपर्छ ।" महिलाले खाएर नाचेरमात्र पर्वको सार्थकता नहुने र महिलाको हकअधिकारको आवाज उठाउने, क्षमता अभिवृद्धि गर्ने र आयआर्जन गर्ने खालका काम गर्नुपर्छ भन्ने उहाँको ठम्याइ छ । सञ्चारकर्मी तथा महिला अधिकारकर्मी बन्दना राणाले तिज पर्वलाई समानता, सशक्तीकरण र सहअस्तित्वको उत्सवका रूपमा नौ वर्षदेखि 'तिज उत्सव' मनाउँदै आउनुभएको छ । यस वर्ष उहाँले सुदूरपश्चिमको कञ्चनपुरमा तिज संवाद गर्नुभएको छ ।

"तिज पर्वलाई महिला सशक्तीकरण, समानता, सद्भावको उत्सवका रूपमा मनाउनुपर्छ", संयुक्त राष्ट्रसङ्घको महिलामाथि हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि (सीड) कमिटीका सदस्य राणाले भन्नुभयो, "नेपाली संस्कृतिको कुरीतिहरूलाई हटाउँदै संस्कृति र प्रथाको गर्व गर्दै राम्रो पक्षलाई अगाडि लैजानुपर्छ भनेर तिज संवाद मनाउन लागिएको हो ।" उहाँलाई तिज पर्व महिला स्वतन्त्रताको दिनका रूपमा मनाउने तरिका राम्रो लाग्ने उल्लेख गर्दै थप्नुभयो, "पृत्तिसतात्मक सोचका कारण महिलालले स्वतन्त्रता एकदम कम हुन्छ, सहरी महिलालाई मात्र हेरेर हुँदैन, गाउँगाउँमा महिलाको अवस्था अहिले पनि उस्तै छ, महिला पनि एक दिन माइत आउँन, आफ्ना आमा, दिदीबहिनी, साथीभाइसँग भेट्न पाउनु राम्रो हो ।"

महिला सशक्तीकरण र सद्भावका लागि पर्व असाध्यै राम्रो रहेको र गाउँगाउँमा धेरै महिला माइत जान पाउनु, दिदीबहिनी रमाउन पाउनु असाध्यै खुसीको कुरा भएको राणाको भनाइ छ । "एउटा वर्गले श्रीमान्का लागि व्रत बस्ने भन्ने पनि छ, हुन त व्रत बस्दा स्वास्थय पनि राम्रो हुन्छ, तर लहैलहैमा व्रत बस्न जरुरी छैन, करकापमा व्रत बस्न भएन", उहाँले थप्नुभयो, "महिला सशक्तीकरण, समानता र सदभावका दृष्टिकोणले पर्व असाध्यै राम्रो हो ।"

संस्कृतिविद् डा शोभा ढुङ्गानाका अनुसार पहिला हिन्दू नारीले मात्र तिज मनाउने भए तापनि अहिले सबै धर्म, समुदायका महिलाले मनाउने गरेको र मुलतः महिलाको पुनःमिलनको पर्व हो । उहाँले भन्नुभयो, "महिलाबीच वर्षमा एक दिन भए पनि एकापासमा भेटघाट हुने अवसर मिलेको छ, संस्कृतिको प्रसार भएको छ, महिलाले खुसी साट्न पाएका छन् । केही विकृति पनि छ, त्यसलाई कम गरेर संस्कृति, स्वतन्त्रता दिवस र महिलाको पुनःमिलनको पर्वका रूपमा मनाउनुपर्छ ।"

डा ढुङ्गानाका अनुसार परम्पराअनुसार श्रीमान्को दीर्घायुको कामना गरी व्रत बस्ने, माइतमा आमा, दिदीबहिनीसँग भेटघाट गर्ने, दुःखसुखका भावना आपसमा बाँड्ने रूपमा मनाउँदै आए पनि स्वस्थानी व्रत कथाको सुरु भएपछि हरितालिका तिजको महत्व अझ बढ्दै आएको पाइन्छ । तिज पर्व महिलाको पर्व भएकाले आपसमा सौहार्दपूर्ण तरिकाले, तडभडक नगरी, महिलाको स्वतन्त्रता, सशक्तीकरण र समग्र महिलाको हितको विषयसँग पर्वलाई जोड्न जरुरी छ ।